श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेतालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### केही नेपाल ऐन खारेज गर्न बनेको अध्यादेश

प्रस्तावना : केही नेपाल ऐनहरूलाई तत्काल खारेज गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "केही नेपाल ऐन खारेज गर्ने अध्यादेश, २०३२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. खारेजी : देहायका नेपाल ऐनहरू खारेज गरिएका छन्ः–

(१) राष्ट्रिय पञ्चायत (स्नातक प्रतिनिधित्व) ऐन, २०१९ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८१२

(२) राष्ट्रिय पञ्चायत (वर्गीय र व्यावसायिक संगठन प्रतिनिधित्व) ऐन, २०१९।

(३) वर्गीय तथा व्यावसायिक संगठन (निर्वाचन कार्यविधि) ऐन, २०२५।

(४) अञ्चल सभा (सभापति तथा उपसभापति) निर्वाचन ऐन, २०२५।

लालमोहर सदर मितिः– २०३२।८।२६।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।